जीतपुरसिमरा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जीतपुर, बारा
मधेश प्रदेश, नेपाल

मिति २०८० असाढ १३ गते बुधबारका दिन जीतपुरसिमरा नगरसभा संचालन नियमावली,२०७५ को नियम ५ को उपनियम (१) बमोजिम नगर प्रमुख श्री राजन पौडेलज्यू अध्यक्षतामा बसेको आठौं नगरसभाको दोस्रो बैठकमा छलफल तथा निर्णयका लागि पेश भएका देहायका विषयहरु सभामा छलफल पश्चात् निर्णयार्थ पेश हुँदा सर्वसम्मतबाट पारित गरियो ।

निर्णय नं.१

नगर उपप्रमुख श्री भोला प्रसाद अधिकारीबाट आ.व.०८०/०८१ को संचित कोषबाट विनियोजन हुने अनुमानको खर्च शिर्षकगत र श्रोतगत विवरण तथा विनियोजन ऐन, २०८० अनुसारको रकममा आ.व.२०८०/२०८१ मा संघीय सरकार,प्रदेश सरकार र स्थानिय श्रोतबाट प्राप्त हुने रकमहरु समेत समावेश गर्ने गरी प्रस्तुत गर्नु भएको बजेट रु.२ अर्व ६० करोड ९५ लाख मात्र विनियोजन ऐन,२०८० अनुसूची-१ (सुत्रका अनुसुची १ देखि ७ सम्म) नगर सभामा स्वीकृतिका लागि पेश गर्नु भएकोमा सर्वसम्मतबाट पारित गरियो ।

निर्णय नं.२

यस जीतपुरसिमरा उपमहानगरपालिकाको आर्थिक ऐन, २०८० मा उल्लेखित राजश्वका दरहरु (अनुसूची-२) सर्वसम्मतबाट पारित गरियो ।

निर्णय नं.३

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ बमोजिम नगरदररेट तयार गरी लागु गर्ने अधिकार सम्वन्धित स्थानीय तहलाई भएकोले आ.व. २०८०।०८१ को लागि विकास निर्माण र अन्य काम-कार्यवहि गर्न/गराउनको लागि नगर दररेट निर्धारण समितिलाई स्वीकृत गर्न अधिकार दिने निर्णय गरियो।

निर्णय नं.४

जनप्रतिनिधि र कर्मचारीहरुको कामको सिलसिलामा कुनै दुर्घटनामा परेर अङ्गभङ्ग भएमा बिल अनुसारको रकम (दोहोरा नपर्ने गरी) र मृत्यु भएमा निर्वाचित जनप्रतिनिधि र स्विकृत दरबन्दी भित्रका कार्यरत कर्मचारीहरुको लागि कार्यालयले प्रति व्यक्ति पच्चिस लाख रुपैयाँको दुर्घटना बिमा/नविकरण गर्ने निर्णय गरियो ।

निर्णय नं.५

सातौं नगरसभाबाट स्वीकृत दरबन्दी तेरिज बमोजिम नगरप्रमुखको सचिवालयमा रहने कर्मचारीहरु नगरप्रमुखको सिफारिस अनुसार तथा उपप्रमुखको सचिवालयमा रहने कर्मचारीहरु उपप्रमुखको सिफारिस बमोजिम सेवा करारमा नियुक्ति गर्ने, म्याद थप र खटनपटन गर्ने/गराउने निर्णय गरियो ।

निर्णय नं.६

यस जीतपुरसिमरा उपमहानगरपालिकाको आ.व.२०७९/०८० (छैठौं नगरसभादेखि हालसम्म) मा नगर कार्यपालिका, नगर प्रमुख र कार्यालयस्तरबाट भएका सबै निर्णयहरुलाई समर्थन गर्ने निर्णय गरियो ।

निर्णय नं.७

जीतपुरसिमरा उपमहानगरपालिकामा सेवा करारमा कार्यरत विभिन्न पद/तहका कर्मचारीहरुको सेवा करारको म्याद २०८० मंसिर मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

राजन पौडेल
नगर प्रमुख

जीतपुरसिमरा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जीतपुर, बारा
मधेश प्रदेश, नेपाल

राजन पौडेल
नगर प्रमुख

निर्णय नं.८

जीतपुरसिमरा उपमहानगरपालिका अन्तरर्गतका वडा कार्यालय,स्वास्थ्य संस्थाहरु र सामुदायिक विद्यालयहरुमा ई-हाजिरीको व्यवस्था मिलाएर कार्यरत सबै सेवा/समूह/तहका कर्मचारीहरुलाई व्यवस्थित तथा नियमित उपस्थिति गराई सेवाप्रवाहलाई छिटो-छरितो र प्रभावकारी बनाउन नगरपालिकालाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं.९

साबिक आदर्श गाउँ विकास समितिको कार्यालय, भवानीपुर जीतपुर बारा बाट तत्कालिन गाउँ परिषद्को निर्णयका आधारमा एम्बुलेन्स चालक पदमा स्थायी नियुक्ति भइ यस उपमहानगरपालिकामा समायोजन भएर वि.सं. २०७९ भाद्र ३ मा उमेर हदका कारणले सेवा निवृत्त हुनभएका कर्मचारी श्री आलमगिर अंसारीलाइ निजामती सेवा ऐन,२०४९ को दफा ३६ को उपदफा १(ग) बमोजिम उपदान,निजामति सेवा नियमावली,२०५० को नियम ९४ को उपनियम (१) बमोजिमको उपचार खर्च र बिदा बापतको सेवा/सुविधा भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं.१०

वडा समितिको निर्णयका आधारमा स्विकृत दरबन्दि भित्र दैनिक ज्यालादारीमा कार्यरत कार्यालय सहयोगिहरु कम्तिमा एस.ई.ई. वा सो सरहको शैक्षिक योग्यता हासिल गरेको भएमा सम्बन्धित वडाको सिफारिसका आधारमा मासिक पारिश्रमिक रु.१६०००/- दिने गरि स्वंसेवक कार्यालय सहयोगि पदमा करार सम्झौता गरि कामकाजमा लगाउन नगरपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.११

दैनिक १२ घण्टा काममा खटिरहेका दमकल चालक, फायर मेन, नगर प्रमुख र उपप्रमुखको सवारी चालकलाई रासन भत्ता बापत जनही मासिक सात हजार उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.१२

यस उपमहानगरपालिकामा विगतदेखि अविच्छिन रुपमा सामाजिक परिचालक पदमा कार्यरत कर्मचारीहरुलाई न्यूनतम शैक्षिक योग्यता पुगेको भएमा पछि स्थायी पदपुर्ति भएमा स्वतः अवकास हुने गरि सातौं नगरसभाबाट स्वीकृत प्रशासन सेवा,सहायकस्तर चौंथो तहको पदमा समायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.१३

यस नगरपालिकामा रहेको सार्वजनिक सम्पतिको लगत तयार गर्न र व्यवस्थित गर्न समिति वनाउने र सो समितिको सेवा, सर्त र सुविधा सम्वन्धि निर्देशिका तयार गर्न कार्यपालिकालाई जिम्मा दिने निर्णय गरीयो ।

निर्णय नं. १४

आ.व. २०७९।०८० मा संघीय सरकारबाट प्राप्त भएका योजनाहरु खर्च भई बाँकी रहेको सशर्त अनुदानको रकम आर्थिक वर्षको अन्त्यमा को.ले.नि.का मार्फत् फिर्ता हुने भएकोले सोही स्रोतबाट खर्च गर्ने गरि कार्यादेश/सम्झौता भई सकेका योजना तथा कार्यक्रमहरुको लागि आ.व. २०८०।०८१ मा भुक्तानी दिनु पर्ने योजनाहरुको विवरण (म.ले.प.फा.नं.२२१) बनाई सम्बन्धित निकायमा निकासा माग गर्ने निर्णय गरियो ।

राजन पौडेल
नगर प्रमुख

जीतपुरसिमरा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जीतपुर, बारा
मधेश प्रदेश, नेपाल

राजन पौडेल
नगर प्रमुख

निर्णय नं.१५

जीतपुरसिमरा उपमहानगरपालिकाको सातौं नगरसभाबाट स्विकृत दरबन्दी तेरिज बमोजिम करार सेवा र रिक्त पदहरुमा स्थायी पदपुर्तिका लागि संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,प्रदेश लोक सेवा आयोग र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग माग गर्ने निर्णय गरियो ।

निर्णय नं.१६

यस उपमहानगरपालिकामा कार्यरत कर्मचारीहरुको आ.व.२०७९।२०८० मा २०७९ साल श्रावणमा भुक्तानी भएको तलब भत्ताको तलबी प्रतिवेदन सेवाको समूहीकरण (क्लष्टर) अनुसार पारित गरियो ।

निर्णय नं.१७

आ.व.२०८०।०८१ मा पुजिंगत खर्चबाट उपभोक्ता समिति, निर्माण व्यवसायी र संस्थागत हुने भुक्तानीमा दुई दशमलव पाँच प्रतिशत कन्टिन्जेन्सि शुल्क बापत कट्टा गर्ने निर्णय गरियो ।

निर्णय नं.१८

यस उपमहानगरपालिकाको आ.व.२०८०/०८१ को लागि स्विकृत रु. २० लाख भन्दा माथिका निर्माण सम्बन्धि योजनाहरु ठेक्का मार्फत् कार्यान्वयन गर्ने/गराउने निर्णय गरियो ।

निर्णय नं.१९

जीतपुरसिमरा उपमहानगरपालिका भित्र भवन नक्सा पास सम्बन्धी नेपाल सरकार शहरी विकास मन्त्रालयले जारी गरेको बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड २०७२(पहिलो र दोस्रो सहित) लागु गर्ने निर्णय गरियो ।

निर्णय नं.२०

जीतपुरसिमरा उपमहानगरपालिका भित्र हालसम्म निर्माण भएका घरहरुको हकमा भवन निर्माण सम्बन्धि मापदण्ड र संहिता पालना भएको रहेछ भने नक्सा पास/नियमित गर्ने र मापदण्ड/संहिता पालना नभएको हकमा एकपटकलाई आ.व. २०८०/०८१ भित्र अभिलेखिकरण सुविधा प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं.२१

वडा कार्यालयको कार्यालय संचालन खर्च प्रतिमहिना पन्ध्र हजार उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.२२

नगर प्रमुख र उप-प्रमुखको सचिवालयमा जनसम्पर्क व्यवस्थापन गर्न तथा संचार खर्च बापत नगर प्रमुख र उप-प्रमुखको सचिवालयका कर्मचारीहरुलाई क्रमश प्रतिमहिना दश हजार र आठ हजार मासिक तलबमा समावेश गरी उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.२३

नर्सिङ्ग कर्मचारीले पाउँने नर्सिङ भत्ता बापत पाँच सय प्रतिमहिना उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.२४

प्रमुख प्रशासकिय अधिकृत र महाशाखा/शाखा प्रमुख/वडा सचिवलाई क्रमशः प्रति महिना रु.तीन हजार र एक हजारका दरले मासिक तलबमा समावेश गरि संचार खर्च उपलब्ध गराउने निर्णय गरियो ।

राजन पौडेल
नगर प्रमुख

जीतपुरसिमरा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जीतपुर, बारा
मधेश प्रदेश, नेपाल

राजन पौडेल
नगर प्रमुख

निर्णय नं.२५

सातौं नगरसभाबाट स्विकृत दरबन्दि तेरिज बमोजिम नगर प्रहरी पदपुर्ति गर्नुपर्ने देखिएको हुँदा नेपाल प्रहरीको बैकल्पिक/अस्थायी सूची वा खुल्ला प्रतिस्पर्धाबाट सेवा करारमा पदपुर्ति गर्ने निर्णय गरियो ।

निर्णय नं.२६

शिक्षक सेवा आयोगको बैकल्पिक सूचिमा परेका उम्मेदवारहरु वा खुल्ला प्रतिस्पर्धाबाट छनौट गरि नगर स्वयंसेवक शिक्षक व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं.२७

आ.व. २०७९/०८० मा न्यायिक समितिले गरेका कामको बार्षिक विवरण नगर प्रमुख मार्फत् सभामा पेश भइ समिक्षा गरियो । मुद्दाको चाप बढिरहेको हुनाले उक्त मुद्दाहरु छिटो छरितो रुपमा फर्यौट गर्न न्यायिक समितिलाई निर्देशन दिने र थप एक जना कानुनी सल्लाहकार व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं.२८

जीतपुरसिमरा उपमहानगरपालिकाको स्वामित्वमा रहेका साविकका गा.वि.स. देखि स्वामित्व हस्तान्तरण हुँदै आएका काम नलाग्ने सवारी साधन र अनुसूची-३ बमोजिमका जिन्सी सामाग्रीहरु लिलामि/मिन्हा प्रक्रियामा लैजान नगरपालिकालाई निर्देशन दिने ।

निर्णय नं.२९

नगरसभा/ कार्यपालिकाले गठन गरेका तथा कानुनी व्यवस्था बमोजिम गठित समिति/ उपसमितिकको बैटक भत्ता र नगरपालिकाबाट संचालन हुने विभिन्न कार्यक्रम तथा अतिरिक्त समय काम गरेकाहरुको लागि अनुसूची -४ बमोजिमको दररेट कायम गर्ने ।

निर्णय नं.३०

नगरसभा/ कार्यपालिकाले गठन गरेका तथा कानुनी व्यवस्था बमोजिम गठित समिति/उपसमितिका बैठक भत्ता र नगरपालिकाबाट संचालन हुने विभिन्न कार्यक्रमहरुको लागि अनुसूची -५ बमोजिमको दररेट कायम गर्ने ।

निर्णय नं.३१

जीतपुरसिमरा उपमहानगरपालिका क्षेत्रभित्र पर्यापर्यटनलाई प्रवर्द्धन गर्न पर्सा राष्ट्रिय निकुञ्ज तथा वरीपरी रहेका सामुदायिक वन, साझेदारी वन लगायतका वनमा जंगल (जीप) सफारीका लागी स्थानीय स्तरमा रहेका संस्था वा स्थानीय पर्यटन व्यवसायीलाई प्रस्ताव आव्हान गरी सोको मूल्यांकनका आधारमा सवारी साधन खरिद गर्न साझेदारीमा केही अनुदान दिने र पहिलो पटक सफारी खरिद गरी पर्यटन प्रवर्द्धन गरिरहेको स्थानीय पर्यटन व्यवसायीलाई रु.५०,०००।- सहित सम्मान गर्ने निर्णय गरियो ।

निर्णय नं.३२

आ.व. २०७९/०८० मा सम्झौता र कार्यादेश भई काम सम्पन्न भई नसकेका र भुक्तानी हुन बाँकी रहेका योजना तथा कार्यक्रमहरुलाई आ.व. २०८०/०८१ मा दायित्व सार्ने निर्णय गरियो ।

राजन पौडेल
नगर प्रमुख